nepalpostdaily.com

# नेपाल पोष्ट डेली

दैनिक

31°C । वर्ष : १०, अंक : ३३७ पृष्ठ ४ । शुक्रबार,०२ साउन २०८२ । FRIDAY, JUNY 18, 2025.nepalpostdaily .com । मूल्य ५ रुपैयाँ

## चापाकल सुके, दमकल गुडे: पानीको चरम संकटमा डुबेको मधेश

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०१ साउन ।***



मधेशको भुईं सुकेको मात्रै होइन, प्यास पनि चरम अवस्थामा पुगेको छ । जनकपुरदेखि वीरगन्जसम्मका सहर र गाउँहरूमा चापाकलहरू सुकेका छन्, धारामा पानी आउँदैन, खेतहरू बाँझिएका छन्, र मान्छेहरू हातमा बाल्टिन लिएर पानीको खोजीमा भौतारिन थालेका छन् । जनकपुरधाम-९ सरस्वती टोलका रामनाथ साह आइतबार बिहान बाल्टिन बोकेर छिमेकीकहाँ पानी माग्दै दौडिरहेका थिए । चापाकलले साथ छाडिसकेको धेरै भइसक्यो, अहिले पाइप लाइनले पनि धोका दिएको उनको गुनासो थियो । बिजुली पनि भ्याप-भ्याप, पानी तानेको मोटर नै चलेन । उनीजस्ता सयौं घरका मान्छेहरूमा बिहानैदेखि तनाव छ । थापा चोकका अशोक ठाकुरको घरमा धाराबाट पानी नआएपछि उनी जारको भरमा टाढा-टाढासम्म धाउने बाध्यता छन् । तर बजारमै जार अभाव देखिएको छ । हरेक घरमा पानीको हाहाकारले जनकपुरवासीलाई दुई दिनमै थलाएको छ । पछिल्लो दशकयता जनकपुरमा ६० देखि ४५० फिट गहिराइसम्म गाडिएका चापाकलहरू पनि सुक्ने गरेका छन् । यो वर्षको खडेरी र कम वर्षाले अवस्था झनै भयावह बनेको छ । मधेश प्रदेश सरकारले वारुणयन्त्र (दमकल) प्रयोग गरेर बस्ती-बस्तीमा पिउने पानी पुऱ्याउने अभियान सुरु गरेको छ । मुख्यमन्त्री सतीशकुमार सिंहको निर्देशनमा ८ वटा दमकल, नेपाली सेनाका ७ ट्यांकर र वन कार्यालयका ३ गाडीमार्फत पानी वितरण भइरहेको छ । मुख्यमन्त्री सिंह भन्छन्, "पानीको संकट त निकै गम्भीर छ, त्यसैले दमकल नै पानी बाँड्न पठाएका हौं ।" उनका

बाँकी तेश्रो पृष्ठमा

## बीरगञ्जको सुक्खा बन्दरगाह भन्सार अब मुख्य भन्सारमै गाभियो

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०१ साउन ।***



सिर्सियास्थित सुख्खा बन्दरगाह भन्सार कार्यालय आजदेखि वीरगञ्ज भन्सार कार्यालयमा गाभिएको छ । साथै एकीकृत कार्यालयबाट सेवा प्रवाह पनि प्रारम्भ भएको छ । यसअघि बीरगञ्ज भन्सार कार्यालय मातहत एकीकृत जाँचचौकी थियो । त्यसैगरी सुक्खा बन्दरगाह भन्सार कार्यालय बेग्लै कार्यालयका रुपमा अस्तित्वमा थियो । एकीकृत जाँचचौकीमा मालवाहक सवारीसाधनबाट वैदेशिक व्यापारअन्तर्गतका वस्तु तथा सामान आयात-निर्यात गर्ने गरिन्छ । सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट यसअघि रेल्वे ऱ्याकबाट सामान आयात र निर्यात हुने गरेको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले संघीय सरकारको निर्णयअनुसार सुक्खा बन्दरगाह भन्सार कार्यालय बीरगञ्ज भन्सार कार्यालयमा गाभिएको बताए । यसैबीच, सुक्खा बन्दरगाह भन्सार कार्यालयल गत आर्थिक वर्षभरिमा ४९ अर्ब ८२ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

## कानुन व्यवसायीलाई लाइसेन्स दिन मापदण्ड बनाउने कुरा उचित : मन्त्री चौरसिया

***बीरगन्ज,०१ साउन ।***



कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुन व्यवसायीलाई लाइसेन्स दिनु अघि मापदण्ड बनाउने कुरा सही भएको बताएका छन् । विहीबार सिंहदरबारमा बसेको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै मन्त्री चौरसियाले कानुन व्यवसायी परिषद् भित्र 'लयर्स एकेडेमी' निर्माण गर्ने प्रस्ताव सकारात्मक भएको बताए । "एकेडेमीले लाइसेन्स लिने प्रक्रिया अघि मापदण्ड तय गर्ने र अधिवक्ताहरूलाई व्यवस्थित र व्यवहारिक बनाउने कुरा ठिक हो," मन्त्री चौरसियाले भने, "भाषाको विषय पछि समायोजन गर्न सकिन्छ ।" बैठकमा नेपाली कांग्रेसकी सांसद नागिना यादवले युनिभर्सिटीको डिग्रीलाई कम आँक्न नहुने बताइन् । उनले कानुन व्यवसायी बन्नका लागि शैक्षिक योग्यता पुगेको र डिग्रीले नै योग्यता पुष्टि हुने भएकाले लाइसेन्स लिन बाध्यकारी बनाउनु उचित नहुने धारणा राखिन् । उनको भनाइमा, "संसारका धेरै ठाउँमा शैक्षिक योग्यता पुगेपछि लाइसेन्स लिनुपर्ने बाध्यकारी अवस्था नरहेको" उल्लेख गरिन् । नेकपा एमालेका सांसद सुहाङ नेम्वाङले भने कानुन व्यवसायी परीक्षा पास गरेपछि मात्र लाइसेन्स दिनुपर्नेमा जोड दिए । बैठकमा नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८२ को दफावार छलफल भएको थियो । छलफलमा विधेयकमार्फत कानुन व्यवसायीलाई थप व्यवस्थित र योग्यता आधारित बनाउने दिशामा अघि बढ्नुपर्ने सुझावहरू आएका थिए ।

## बीरगञ्जमा "एक घर, एक रक्तदाता" नारासहित रक्तदान कार्यक्रम हुने

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०१ साउन ।***



बीरगन्जमा रगतको अभाव र उपचारमा देखिएको चुनौती समाधान गर्न 'एक घर, एक रक्तदाता' नारासहित शनिबार वृहत रक्तदान कार्यक्रम हुने भएको छ । नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार केन्द्र बीरगञ्जको समन्वयमा गौतम स्कुलको आयोजनामा हुने कार्यक्रमले समाजमा रक्तदानको चेतना अभिवृद्धि र नियमित रक्तदान संस्कार विकास गर्ने लक्ष्य लिएको छ । गौतम स्कुलले आफ्ना २,१०० भन्दा बढी विद्यार्थीलाई रक्तदानको महत्व, यसका फाइदा र आपतकालीन अवस्थामा यसको भूमिकाबारे कक्षा प्रशिक्षण दिइसकेको छ । विद्यार्थीमार्फत अभिभावकसम्म जानकारी पुऱ्याउन पर्चा-पम्पलेट वितरण गरिएको र रेडक्रसका स्वयंसेवकहरू सक्रिय रुपमा अभियानमा जुटेका छन् । 'रगतको अभावका कारण धेरै बिरामीहरू समयमै उपचार पाउनबाट वञ्चित हुँदै आएका छन् । यदि हरेक घरबाट कम्तीमा एक जनाले रक्तदान गर्ने बानी बसाल्न सके समाजमा ठूलो सकारात्मक परिवर्तन ल्याउन सकिन्छ,' आयोजकको भनाइ छ । वीरगन्ज क्षेत्रमा नियमित देखिने रगत अभावको समस्या सामूहिक प्रयासबाट मात्र समाधान हुन सक्ने र 'एक घर, एक रक्तदाता' अभियानले दीर्घकालीन सामाजिक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । गौतम स्कुलका अनुसार, "संकटको घडीमा समयमै गरिएको रक्तदान कसैको जीवनको सञ्जीवनी बन्न सक्छ । आज हामी सबैसँग साँचो

बाँकी तेश्रो पृष्ठमा

## रवि लामिछानेको पक्षमा २४ लाख बढीको हस्ताक्षर रास्वपाको घरदैलो अभियान सुरु हुँदै

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०१ साउन ।***




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको पक्षमा सञ्चालित हस्ताक्षर अभियानमा २४ लाख ५७ हजार ६१८ जनाले हस्ताक्षर गरेका छन् । पार्टी कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा रास्वपा नेता दीपक बोहराले यो अभियानलाई थप सशक्त बनाउँदै लैजाने तयारी भएको जानकारी दिए । रास्वपाले लामिछानेमाथि सरकारले 'राजनीतिक प्रतिशोध साँधेको' आरोप लगाउँदै असार ७ गतेदेखि हस्ताक्षर संकलन अभियान सुरु गरेको थियो । अब साउन ५ गतेदेखि देशव्यापी घरदैलो अभियान सञ्चालन गर्दै सभापतिको अपिल र हस्ताक्षर संकलनलाई अघि बढाइने बोहराले बताए । अभियानलाई विस्तार गर्दै केन्द्रीय कार्यालय, प्रदेश, सीमा नाका र विदेशमा समेत बुथ राखी हस्ताक्षर संकलन गरिने जनाइएको छ । बोहराका अनुसार

बाँकी तेश्रो पृष्ठमा

## ग्रिनसिटी सामुदायिक केन्द्रद्वारा "फेरि भेटौंला" कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**
***बीरगन्ज,०१ साउन ।***



ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र र ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगर-१०, वीरगञ्जको संयुक्त आयोजनामा बिहीबार एक विशेष कार्यक्रमका बीच "फेरी भेटौंला तथा विदाई समारोह" सम्पन्न गरिएको छ । कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हेडक्वाटर वीरगन्जका कार्यालय प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाललाई सम्मानपूर्वक विदाई गरिएको थियो । धिमाललाई खादा, टीका, माला, दोसल्ला र शान्तिको प्रतीक मायाको चिनो सहित सम्मान गरिएको हो । सो अवसरमा उनको कार्यकालमा भएका उल्लेखनीय योगदानको प्रशंसा गरिएको थियो । ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र अदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानले धिमालको कार्यशैली र समुदायप्रतिको समर्पणको प्रशंसा गर्दै भने, "धिमालज्यूको कार्यकालमा समुदाय र सुरक्षाबीचको समन्वय अझ मजबुत भएको छ । उहाँको लगनशीलता र सेवा भावलाई हामी सधैं सम्झिरहनेछौं ।" समारोह अध्यक्ष जय प्रकाश खेतानको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न निकायका पदाधिकारी, सामुदायिक प्रहरीका पदाधिकारी, आजीवन सदस्य र सञ्चारकर्मीहरूको समेत उल्लेखनीय सहभागिता रहेको थियो । उक्त कार्यक्रममा रुङटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुङटा, सामुदायिक आँखा अस्पतालका महेश सिंह धामी, सञ्चारकर्मी अजित भुजेल, सन्तोष रञ्जितकार, अभिलाष गुप्ता, सुश्मिता यादव, लगायतको उपस्थिति थियो ।

त्यसैगरी ग्रीनसिटी सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष संजय शर्मा, सदस्य शुशिल कादमियाँ, प्रहरी वरिष्ठ हवल्दार प्रेम राम, प्रहरी सहायक हवल्दार अजिता घिमिरे, प्रहरी जवान अमर सिंह साउद पनि उपस्थित थिए ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

## सम्पादकीय

### खुलेआम बेइमानी

जनता समाजवादी पार्टी (जसपा), नेपालले अन्ततः सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । गत २६ पुसमा सरकारले भूमि सम्बन्धी ऐन संशोधन सहित ६ वटा अध्यादेश ल्याएपछि जसपा नेपालले असन्तुष्टि जनाउन थालेको थियो । विशेषगरी भूमि अध्यादेशप्रति जसपा नेपालको असहमति थियो । उसको असहमतिकै कारण भूमि अध्यादेश फिर्ता लिन सरकार बाध्य भएको थियो । तर सरकारले जसपा नेपालको अडानलाई बेवास्ता गर्दै भूमि सम्बन्धी विधेयक ल्यायो । अध्यादेशमा रहेकै अन्तर्वस्तु विधेयकमा पनि समावेश गरिएको भन्दै जसपा नेपालले समर्थन फिर्ता लिएको छ । समर्थन फिर्ता अगाडि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सहित नेताहरुले प्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख सत्ता साझेदार नपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता पनि गरेका थिए । भेटवार्ता पछि उपेन्द्र यादवले समर्थन फिर्ताको निर्णय लिनुले सत्तारुढ नेताहरुको आग्रह अस्वीकार भएको बुझियो । उनको समर्थन फिर्ताले राष्ट्रिय सभामा सरकार अल्पमतमै पर्ने भएकाले पनि प्रधानमन्त्री ओली र सभापति देउवाले स-सम्मान आग्रह गरेको लुक्दैन । तर जसपा नेपालले ११ बुँदे तर्क सहित समर्थन फिर्ताको निर्णय लिएको छ । ११ बुँदमा सुशासनको प्रत्याभूति हुन नसकेको, भ्रष्टाचार बढेको, बजेट पूर्वाग्राही भएको, संविधान संशोधनको पहल नलिइएको, रोजगारी सिर्जना हुन नसकेको, पहिचानको माग सम्बोधन हुन नसकेको लगायत छन् । समर्थन फिर्ता लिइरहँदा उल्लेखित यी निष्कर्ष संभवतः जसपा नेपालले वर्तमान सरकार समक्ष पहिलोपटक राख्यो, त्यो पनि आरोपका रुपमा । यसअघि सार्वजनिक बार्गेनिङमा भूमि सम्बन्धी अध्यादेश नै थियो । तर समर्थन फिर्ता लिनुको कारणमा भूमि विधेयकमा पार्टीको अडान नै छुटेको छ । यो घटनाले राजनीतिका धेरै कुरा पटाक्षेप भएको छ । मुख्य कुरा उपेन्द्रको अडानबारे जनता अलमलमा परे । उनको माग, संघर्ष र निष्कर्षबीच मतैक्य हुन सकेन । तर समर्थन फिर्ताको असर प्रष्ट छ, राष्ट्रिय सभामा सरकार अल्पमतमा पऱ्यो । राष्ट्रिय सभामा अल्पमतमा पर्नुको असर राजनीतिक मात्र नभएर सरकारको कामकारबाहीसम्मै पर्नेछ । भलै प्रतिनिधि सभामा असर पर्नेछैन । तर उपेन्द्र यादवको पार्टीले सत्तासँग कुन विषयमा बार्गेनिङ गरिरहेको थियो भन्नेप्रति जनतामा भ्रम रहन पुग्यो । यो भ्रमणले दल र राजनीतिप्रति नागरिकको अविश्वास बढ्नेछ । राजनीतिमा एउटा भन्ने, र अर्को गर्ने प्रवृत्ति हुन्छ भन्ने भाष्य स्थापित हुनेछ । समर्थन फिर्ता लिनु र दिनु राजनीतिक कुरा हो, यसप्रति कुनै टिप्पणी हुनेछैन । तर जनतामा अविश्वास सिर्जना हुनेगरी निर्णयहरू लिइनु भविष्यलाई चिन्ता मात्र नभएर जनमतप्रति बेइमानी हो ।

# भिजिट भिसा : शासकको आडमा प्रशासकको अपराध

**राजेन्द्रसिंह भण्डारी**



मनमौजी शासकले लोकहितमा खासै ध्यान दिएको पाइँदैन । लोककल्याणका मुद्दामा त राज्यको संयन्त्रलाई उसले परिचालन पनि गरिरहनु पर्दैन । हाम्रोजस्तो मुलुकमा जवाफदेहिताको प्रश्न त झनै दुब्लो र बेवारिसे भइसकेको छ । यस्तो अवस्थामा सुशासनका दुई प्रमुख पक्ष शासक र प्रशासकको मिलेमतोमा 'ह्वाइट कलर क्राइम' (सफेदपोष अपराध) शासककै नाकमुनि हुर्कने र झाँगिने गर्छन् । शासकको आडभरोसामा लाभका पद हत्याउन शासकको गैरकानुनी निर्देशनलाई पनि ब्रह्मवचनका रूपमा स्वीकार गर्न अभ्यस्त छन्, हाम्रा प्रशासक । सार्वजनिक प्रशासनलाई पनि निजी स्वार्थको सर्तमा समाहित गरिदिने प्रवृत्तिका कारण मुलुकमा शासक र प्रशासकको घनिष्ठ सम्बन्ध रहँदै आएको छ । यसकै गर्भबाट 'भिजिट' भिसाजस्तै कैयन् ठूला आपराधिक र आर्थिक लाभका काण्ड नियमित र राज्य नियतिका रूपमा हुन थालेका छन् । लोककल्याणकारी राज्यमा हल गर्नैपर्ने रोग, भोक र शोकका मुद्दालाई चुनावी आश्वासनका मुद्दा मात्र बनाउने हाम्रा शासकको प्रत्येक आपराधिक कर्मलाई कार्यान्वयनमा लैजाने भूमिकामा तिनै राज्य पोषित प्रशासक रहने गर्छन् । जो प्रशासक व्यावसायिक धर्मको पालनामा जति पनि गतिछाडा बन्न तयार र तत्पर रहने गर्छन् र आफू नागरिक सेवाको सरोकारका विरुद्धमा जहिले पनि नांगिन र उदांगिन हरहमेसा तयार रहने गर्छन्- तिनै प्रशासक शासकका रुचिकर सूचीमा अटाउने गर्छन् । विगतमा जो कैयन् खत खेपेर जागिरमा गिर्दै आएका थिए, तिनैले राज्यको महत्त्वपूर्ण जिम्मेवारी सम्हालिरहेका दृश्य हामीकहाँ यत्रतत्र देखिने गर्छन् । विगतमा भ्रष्टाचारको खत खेपेकालाई विमानस्थलमा पठाउँदा 'भिजिट' भिसाको आपराधिक योजनालाई कार्यान्वयन गर्न सहज हुन्छ भन्ने कुरा राम्रैसँग बुझेका हाम्रा छट्टु शासकले खोजी गर्ने प्रशासक पनि आफू अनुकूल वा आफ्नो कुलकै हुने नै भए । अपराध-कर्म गर्नका लागि तयार गरिने यस किसिमको 'सेटिङ' लाई ध्वस्त गर्न विद्यमान राज्य संरचनाबाट मात्र सम्भव हुने देखिँदैन । आमनागरिकको असुविधामा समेत आर्थिक लाभको अवसर सुझाउने पनि यिनै चरणदास प्रशासक हुने गर्छन् । राहदानी, लाइसेन्स, राष्ट्रिय परिचयपत्रको नियमलाई केही नयाँ सर्तसहित लागू गर्दा हुने मनग्य आम्दानीको योजना पनि 'ट्र्यापिङ' अर्थात् असुविधामा लाभको अवसरका लागि अघि सारिएका योजना थिए । आफ्नै सेवाग्राहीको शोषण र अपराधीको पोषणमै पूरै क्षमता र राज्य संयन्त्रको परिचालन हुने गरेका कारण 'भिजिट' भिसा, भुटानी शरणार्थी, ललिता निवास, पतञ्जलि, गिरीबन्धु जग्गा प्रकरण पछिल्ला समय सतहमा देखापरेका घटना हुन् ।

शासकको आवरणमा प्रशासकले तयार गर्ने आपराधिक पर्यावरणको अनुसन्धान गरी मुलुकमा कानुनी जवाफदेहिता र सङ्लो राजनीतिक पर्यावरण कायम गर्ने हो भने अनुसन्धनात्मक रणनीतिक योजना तयार गरी लागू गर्न आवश्यक छ । तर विडम्बना के छ भने अनुसन्धानको यस किसिमको रणनीतिक योजना तयार गरी लागू गर्न राज्यकै संलग्नता र तत्परतामा मात्र सम्भव हुने भएकाले राज्यको विद्यमान चरित्र र चेहराबाट भने यस किसिमका घटनाको छानबिन, अनुसन्धान हुने विश्वास र कल्पना गर्नु निरर्थक छ । तर पनि घटनाको प्रभाव र अनुसन्धानको व्यापक क्षेत्र कसरी बनाउने भन्ने विषयमा आमनागरिकको उत्सुकताको प्रयोजनकै लागि भए पनि यस विषयमा चर्चा गर्नु उचित नै देखिन्छ । कुनै राष्ट्रविशेषले आफ्नो राष्ट्रमा घुमघाम गर्नका लागि दिएको वैध अनुमति हो- 'भिजिट' भिसा । यो आफैंमा कुनै किसिमको कानुन निषेधित अपराध कार्य होइन । उक्त सुविधाको सदुपयोग वा दुरुपयोग गर्दा पर्ने असरका विषयमा छानबिन गर्ने र अध्यागमन कानुनअनुरूप सजाय दिने दायित्व पनि सम्बन्धित भिसा जारी गर्ने मुलुककै रहने गर्छ । तसर्थ, भिजिट भिसाको प्रयोग वा दुरुपयोग अनुसन्धानको विषय नै बन्न सक्दैन तर 'भिजिट' भिसाको प्रावधानलाई व्यक्तिगत लाभका लागि बृहत्तर नेटवर्किङका रूपमा सञ्चालन गरी सेवाग्राहीलाई चेपुवामा पारी गैर किसिमले आर्थिक आर्जन गर्ने कार्य नै यस घटनाको मुख्य आपराधिक र कानुनबमोजिम निषेधित कसुर हो । यो कसुरलाई आर्थिक लाभ र सेवाग्राहीलाई एक किसिमको 'एक्सटर्सन' नै गरेको घटनाका रूपमा लिने हो भने सो घटनाको अनुसन्धान गर्न अनुसन्धानको घेरालाई बृहत्तर बनाउन आवश्यक छ ।

यसका लागि अनुसन्धानको 'पोइन्ट अफ डिस्टिनेसन' अर्थात् 'भिजिट' भिसाको प्रयोगकर्ता रहेको स्थानमा एउटा छुट्टै अनुसन्धानको विज्ञ टोली खटाई सम्बन्धित देशका अनुसन्धानकर्मीसँगको सहकार्यमा अनुसन्धानलाई गोप्य रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गर्नुपर्दछ । यो अपराधको प्रकृतिमा पीडितरहित अर्थात् जो अवैध किसिमले जान चाहन्छ र पैसा बुझाउँछ, उसैले उजुरीकर्ताका रूपमा अनुसन्धानमा सहयोग नगर्ने भएकाले यसमा पीडितको संरक्षण र गोपनीयतालाई विशेष रूपमा ध्यान दिन आवश्यक छ । यो अपराध लेनदेन र कारोबारसँग सम्बन्धित भएकाले आर्थिक कारोबार र डिजिटल प्रविधिका विषयमा जानकार छुट्टै अनुसन्धान समूहको गठन गरी आरम्भदेखि नै तथ्यांक संकलनमा ध्यान दिनुपर्छ । घटनाको प्रकृति नै तथ्यांकबाट तथ्यमा पुग्ने किसमको घटना भएकाले तथ्यांक संकलनमा विशेष जोड दिनुपर्छ । यो घटनामा व्यापक सामाजिक दबाब सिर्जना गर्न सकिएन भने घटनामा मुख्य भई वचन दिने, संरक्षण दिने तहसम्म अनुसन्धान पुग्न सक्दैन । तसर्थ अनुसन्धानले इंगित गरेका तथ्यलाई समय-समयमा आमनागरिकको जानकारीका लागि सम्प्रेषित गर्ने रणनीति अख्तियार गरिनुपर्छ ।

अपराधको स्केल, प्रकृति, आपराधिक कार्यविधि र जोखिम उठाउन सक्ने हैसियतका दृष्टिले हेर्दा यो केवल प्रशासकको तजबिजमा मात्र भएको होला भनेर कुनै पनि अवस्थामा मान्न सकिन्न । तर, मान्न नसकिएको विषयलाई पुष्टि गर्न 'प्लि बार्गेनिङ' अर्थात् अपराधमा छुट दिन सकिने संगठित अपराध ऐनको प्रावधानबमोजिम प्रशासकलाई शासकसम्म पोल्न लगाउने र तथ्य खोल्न लगाउने विधि र मनोवैज्ञानिक दबाब दिन विज्ञ अनुसन्धानकर्मी र उपकरणको प्रयोग गरिनैपर्छ । शासकले अह्राएबमोजिम प्रशासकले आपराधिक कार्य गरिदिने, फलस्वरूप लाभको ठूलो हिस्सा शासकले नै लिने तर आपराधिक दायित्वको जिम्मेवारी भने प्रशासकको टाउकामा मात्र थोपरिने भएका कारण शासक वर्ग यस किसिमका संगठित आर्थिक अपराध गर्न उद्यत रहने गर्छन् । प्रहरीमा भएको सुडान घोटाला प्रकरणलगायत कतिपय घटनामा लाभको ठूलो हिस्सा लिने र घटनाको पूरै योजना परिचालन गर्ने शासकभन्दा परिचालित र सञ्चालित प्रशासक मात्रै दोषीभागी हुने गरेको देखिन्छ । शासकले फेरि पनि जोगाइ त हाल्छ नि भन्ने मानसिकताबाट माथि उठ्न नसक्ने र विगतमा पनि कैयन् घटनामा राज्य 'सेटिङ' को अस्त्रबाट जोगिन सफल प्रशासक वर्ग आफ्ना मालिक अर्थात् शासक वर्गविरुद्ध जाने जोखिम उठाउन चाहँदैन । यस किसिमका राज्य संरक्षित र पोषित अपराधको अनुसन्धान गर्न बहुआयामिक अनुसन्धानको रणनीति तयार गरेर निर्मतासाथ तर रीतपूर्वक अनुसन्धान गरिएको अवस्थामा मात्र ठाउँको ठाउँ राजनीतिक आवरणका अपराधीलाई ठेगान लगाउन सकिन्छ तर यो कुरा हाम्रोजस्तो राज्य 'सेटिङ' र बिचौलियाप्रधान प्रणालीमा कार्यान्वयन गर्न त्यति सहज भने छैन । ठूला माछा जालमा पर्ने, राजनीतिक जालीहरू कानुनी जालोमा पर्ने भन्ने कुरा त हामीकहाँ

बाँकी तेश्रो पृष्ठमा⇨

# राज्यको जाँतो र नेपालको राज्यतन्त्र

**गणेशप्रसाद पाण्डेय**

झमक्क साँझको सुरम्य क्षण थियो । आकाशबाट अविरल वर्षा भइरहेको थियो । घरको पिँढीमा आमाले जाँतोमा मकै पिसिरहनुभएको थियो । पानसको मधुर उज्यालोले नपुगेर बुबाले लाल्टिन बाल्नुभयो । ठूलोबुबा, बुबा, हामी तीन दाजुभाइ र हामीलाई घरमा अध्यापन गराउनु हुने गुरु सधैंझैं बेलुकाको कुराकानीमा रमाइरहेका थियौं । तात्विक शून्यतालाई चिर्दै बुबाले अचानक गम्भीर प्रश्न सोध्नुभयो- 'बाबु ळ आमाले के गरिरहेकी छन् ?' मैले सरल भावले उत्तर दिएँ- 'मकै पिसिरहनुभएको छ ।' बुबाले पुनः जिज्ञासा राख्नुभयो- 'यो मकै कसको र जाँतो पनि कसको हो ?' मैले बाल हृदयबाट उत्तर दिएँ- 'मकै पनि हाम्रो, जाँतो पनि हाम्रो ।' भर्खरै माध्यमिक तहको शिक्षा आर्जन गर्दैगर्दाको त्यो क्षणको शब्दशः स्मृति नभए तापनि त्यसको भावात्मक प्रभाव र शिक्षाप्रद चिन्तनको बीउ आज पनि प्रस्फुटित छ । हाम्रो कुराकानीको प्रसंग अगाडि बढ्दै गयो, बुबाले फेरि गम्भीर स्वरमा सोध्नुभयो- कल्पना गर, यदि यो जाँतो र मकै राज्यको हुन्थ्यो भने के हुन्थ्यो ? मैले बाल सुलभ जिद्दी गरें । यो हाम्रो जाँतो र मकै कसरी राज्यको हुन सक्छ ? त्यसपछि बुबाले धीरतापूर्वक जीवनदर्शनको गहिरो व्याख्या सुरु गर्नुभयो, बाबु, म त एउटा दृष्टान्त प्रस्तुत गर्दै थिएँ, जीवन र राज्यचिन्तनबीचको सांगोपांग सम्बन्धलाई बुझाउन । जबसम्म यो जाँतो र मकै हाम्रो हुन्छ, तबसम्म यसको सञ्चालन स्वाभाविक, सहज र निरन्तर हुन्छ । यसले मकै पिस्छ र कहिलेकाँही मात्र घुन पिस्छ । तर कल्पना गर, यदि यही जाँतो राज्यको हुन्थ्यो भने यसले कहिले मकै पिस्थ्यो, कहिले केवल घुन, कहिले दुवैलाई एकसाथ धूलो बनाइदिन्थ्यो । कहिले निष्क्रिय भएर थन्किन्थ्यो । कहिले बिनामकै घुमेर जाँतोको दाँत पनि सबै खियाइदिन्थ्यो । कहिलेकाहीँ एउटा पनि मकै नपिसीकन सबै ओकलिदिन्थ्यो । कहिले मानी र हातो ठीकसँग नबसेर अनियन्त्रित घुमिरहन्थ्यो, सबै उधुम मच्चाइदिन्थ्यो । मलाई बुबाको त्यो दृष्टान्त रहस्यमय लाग्यो । मैले विस्मित भावमा सोधें, 'यस्तो किन र कसरी ?' बुबा र गुरुले पालैपालो यसको तात्पर्य बुझाउँदै भन्नुभयो, राज्य र परिवार दुवै समाजका मौलिक र आधारभूत संस्थाहरू हुन् तर तिनको स्वरूप, उद्देश्य, सञ्चालन विधि र प्रभावको आयाम आकाश-पातालजत्तिकै भिन्न हुन्छ । परिवार स्वधर्मको अभ्यासस्थल हो, जहाँ नियमभन्दा बढी दायित्व, माया र सम्बन्धबाट परिवारको शासन चल्छ । बुबाआमाको हृदयमा आफ्ना सन्ततिको सुखभन्दा बाहिर कुनै अर्को विचार टिक्नै सक्दैन । किनकि त्यहाँ सम्बन्धको मूलमा प्रेम र समर्पण दुवै हुन्छ । पारिवारिक निर्णय प्रक्रिया सरल हुन्छ, प्रत्यक्ष र स्वार्थरहित पनि । एउटा परिवारको दैनिक खर्च, सन्तानको शिक्षा र घरायसी निर्णयहरू स्वाभाविक रूपमा सहमतिका आधारमा सञ्चालन हुन्छन् । राज्य सञ्चालनका जटिलता र राजधर्मको पेचिलोपनको झलक दिँदै महाभारतका गूढ प्रसंगहरू उद्धृत गर्दै उहाँहरूले भन्न थाल्नुभयो- बाबुहरू, धर्मराज युधिष्ठिर जसलाई सत्य, न्याय र धर्मको प्रतीक मानिन्छ, उनी स्वयं पनि युद्धको भीषण समयमा आफ्ना गुरु द्रोणाचार्यलाई भ्रममा पारी बध गर्न अश्वत्थामा मऱ्यो भनेर अर्धसत्य बोल्न बाध्य भए । यद्यपि मरेको अश्वत्थामा द्रोणपुत्र नभई एक हात्ती थियो । त्यस्तै, कौरवसेनाले १६ वर्षीय निहत्था अभिमन्युलाई कुटिल चक्रव्यूहमा फसाएर

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## सिरियाली सेनाको मुख्यालयमा इजरायलको हवाई आक्रमण

*काठमाडौं,०१ साउन ।*

इजरायलले सिरियाको राजधानी दमास्कसस्थित सेनाको मुख्यालयमा बुधबार हवाई आक्रमण गरेको छ । बीबीसीका अनुसार सिरियाको दक्षिण-पश्चिमस्थित प्रान्त स्वेइदाका अल्पसंख्यक ड्रुज समुदायको रक्षाका लागि आक्रमण गरेको इजरायलले जनाएको छ । इजरायलको आक्रमणमा परी १८ जना घाइते भएको सिरियाको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले 'ड्रुज समुदायका दाजुभाइको रक्षा गर्न र सिरियाका शासनमा रहेको गिरोहलाई हटाउनका लागि' काम गरिरहेको बताएका छन् । उनले आफ्नो देशमा रहेका ड्रुज समुदायका सदस्यलाई सीमापार गरेर सिरिया नजान पनि आग्रह गरेका छन् । इजरायलका रक्षामन्त्री इजरायल कात्जले चेतावनीको समय सकिएको जानकारी दिएका छन् । 'अब कडा र दर्दनाक हमला हुनेछ,' उनले भनेका छन् । सिरियाले इजरायली आक्रमणको निन्दा गरेको छ । 'इजरायलको आक्रमण आपराधिक र अवैध व्यवहार हो,' सिरियाको गृह मन्त्रालयले भनेको छ । इजरायलको आक्रमणले अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको र युद्धविराम पनि भंग गरेको सिरियाले जनाएको छ । सिरियास्थित अमेरिकी दूत टम बाराकले शान्ति र सहकार्यका लागि वासिङ्टन सबै पक्षसँग सम्पर्कमा रहेको बताएका छन् । सिरियाली रक्षा अधिकारीहरूले मंगलबार मात्र स्वेइदामा पूर्ण युद्धविरामको घोषणा गरेका थिए । सिरियाका रक्षामन्त्री मुरहाफ अबु कास्राका अनुसार स्थानीय ड्रुज सशस्त्र गुटहरू, बेदुइन जनजाति र अन्तरिम सरकारका सेनाबीच पछिल्लो भिडन्तपछि युद्धविरामको घोषणा गरिएको थियो । सिरियाली सेनाका इकाइहरूले युद्धविराम सम्झौताअनुसार स्वेइदाबाट भारी सैन्य सवारीसाधनहरू फिर्ता गर्न थालेका थिए । सप्ताहन्तमा हिंसामा तीव्र वृद्धि भएपछि



युद्धविरामको घोषणा भएको थियो । बेलायतस्थित सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार स्वेइदामा भिडन्तमा परी दुई दिनमा कम्तीमा ९९ जनाको मृत्यु भएको छ भने झन्डै २ सय जना घाइते भएका छन् । मृत्यु हुनेमा ६० ड्रुज नागरिक छन् । जसमध्ये दुई महिला र दुई बालबालिका, १८ बेदुइन, अन्तरिम सरकारका १४ सैनिक र सैन्य पोसाक लगाएका ७ जना अज्ञात व्यक्ति पनि छन् । रक्षा प्रवक्ता हसन अब्देल घानीले गैरकानुनी सशस्त्र समूहको आक्रमणमा १८ सैनिक मारिएको बताए । युद्धविराम घोषणा भइसकेपछि पनि सशस्त्र समूहले इजरायली वायु सेनाको सहयोगमा आफ्नो सरकारको सुरक्षा दस्तामाथि आक्रमण थालेको सिरियाको गृह मन्त्रालयले जनाएको छ । तर, ड्रुज नेता सेख हिकमत अल-हजरीले एक बयानमा सिरियाले नै पहिला युद्धविरामको उल्लंघनको आरोप लगाएका छन् । उनले सरकारी बलको सामना गर्न स्थानीय लडाकुलाई आह्वान गरेपछि इजरायलले हमला गरेको समाचार संस्था अलजजिराले जनाएको छ । स्वेइदा इजरायली सीमासँग जोडिएको सिरियाको प्रान्त हो । ड्रुज र बेदुइन समुदायका सशस्त्र समूहबीच लामो समयदेखि विवाद चलिरहेका छ, जसका कारण बेलाबेलामा हिंसात्मक घटना हुने गरेको छ । सिरियामा ड्रुज समुदायको संख्या ७ लाखको हाराहारीमा छ । ड्रुज धार्मिक सम्प्रदायलाई सिया इस्लामको एक शाखाको रूपमा मानिन्छ । सरकारी बल र यो समुदायको लडाकु समूहबीच पछिल्लो समय गत अप्रिल र मेमा भिडन्त भएको थियो, जसमा दर्जनौं व्यक्ति मारिएका थिए । सिरियाली सरकारले अल्पसंख्यक ड्रुज समुदायमाथि आक्रमण गरिरहेको र त्यसलाई चुपचाप सहन नसक्ने प्रतिक्रिया इजरायलले दिँदै आएको छ । इजरायलको डायस्पोरा मामिलामन्त्री अमिचाई चिकलीले 'ड्रुजमाथि भइरहेको नरसंहार र अपमान देखिरहेको र अब सिरियाको आतंकवादी शासनविरुद्ध लड्नुपर्ने' बताएका छन् । सन् २०११ मा तत्कालीन राष्ट्रपति बसर अल असदले सरकारविरोधी प्रदर्शनमाथि निर्मम दमन गरेपछि सिरियामा गृहयुद्ध सुरु भएको थियो । ८ डिसेम्बर २०२४ मा इस्लामिक शक्तिहरूको विद्रोहबाट असद सत्ताच्युत भए । सिरियामा ३० वर्ष शासन गरेका हाफिज अल-असदको मृत्युलगत्तै सन् २००० मा बसर अल-असद राष्ट्रपति भएका थिए । २०११ को 'अरब स्प्रिङ' यता चलेको गृहयुद्धमा करिब ५ लाख मानिसले ज्यान गुमाएका थिए । तीमध्ये कम्तीमा ३० हजार बालबालिका थिए । करिब सवा करोड जनसंख्या कुनै न कुनै रूपमा विस्थापित भएका थिए । असद सत्ताच्यूत भएर मस्कोतर्फ भागेपछि लाखौं व्यक्ति घर फिर्ती भइसकेका छन् । अहिले सिरियाको अन्तरिम राष्ट्रपतिमा अहमद अल-सारा छन् ।

## बंगलादेशमा सुरक्षाबल र हसिनाका समर्थकबीच झडप

*काठमाडौं,०१ साउन ।*

बंगलादेशका संस्थापक बंगबन्धु शेख मुजीबुर रहमानको गृहमनगर गोपालगन्जमा बुधबार भएको हिंसात्मक झडपमा चार जना मारिएका छन् । छात्रहरुको नेतृत्वमा रहेको नेशनल सिटिजन पार्टी (एनपीसी) को प्रदर्शनका क्रममा यो घटना भएको हो । मुजीब नामले चर्चित रहेका शेख मुजीबुरकी छोरी पूर्व प्रधानमन्त्री शेख हसिना हुन् । अन्तरिम सरकारका प्रमुख मोहम्मद युनुसको कार्यालयले गोपालगन्जमा कर्फ्यू लगाएको छ । गत वर्षको जुलाई-अगष्टमा छात्रहरुको नेतृत्वमा हिंस्रक आन्दोलन भएको थियो । आन्दोलन उग्र बन्दै गएपछि गत वर्षको ५ अगष्टमा हसिनाको सरकार अपदस्थ भयो । आन्दोलनको नेतृत्व गर्ने विद्यार्थीहरुले गत फेब्रुअरीमा एनपीसी नामको राजनीतिक दल गठन गरेका थिए । स्थानीय मिडियाका अनुसार शेख मुजीबुर रहमानको गृहनगर हसिनाका समर्थक सैयौं प्रहरीसँग भिड्दा रणमैदान बनेको थियो । प्रहरीको आक्रमणमा चार जना मारिएका छन् । शवलाई अस्पताल पुऱ्याइएपछि चिकित्सकहरुले मर्नेहरुमा गोली लागेको बताएका छन् । अरु पनि गोली लागेर घाइते भएको र उनीहरुको उपचार भइरहेको छ । अन्तरिम सरकारका प्रमुख मोहम्मद युनुसले गोपालगन्जमा कर्फ्यू लगाएका छन् ।

साथै एनसीपीमाथि आक्रमण गर्नेलाई सजाय दिनबाट पछि नहट्ने चेतावनी दिएका छन् । युनुसले एक्समा एक पोस्ट लेख्दै भनेका छन्, 'शान्तिपूर्ण ऱ्यालीका क्रममा एनसीपी सदस्य प्रहरी र मिडियामाथि आक्रमण गरियो ।' उनले हिंसाका लागि हसिनाको अवामी लिग र यसको विद्यार्थी संगठनलाई जिम्मेवार मानेका छन् ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**कलैया, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको
कार्यालय, पर्सा

### ट्रम्पवादी एसियाली रणनी........

'एकादेशको एउटा मीठो सपना मात्रै न हो !' जे होस्, अब पनि यसरी देश चल्दैन, परिवर्तनका प्रभावले प्रवृत्तिगत मुद्दा कुनै कालखण्डमा त जवाफदेहिताको कसीमा आउने नै छन् भन्ने परिवर्तनका शाश्वत नियममा त विश्वास गर्नै पऱ्यो नि ! त्यसैले धैर्य गरौं भन्ने हाम्रो एक मात्र सर्वमान्य सिद्धान्त प्रचलनमा व्याप्त छ । साभार ईकान्तिपुर ।

### दरबारमा जोडिएको भ्रष्टा......

पृष्ठभागबाट प्रहार गरी हत्या गरे । हनुमानजीले लंका दहन गर्दा केवल राक्षसहरूको निवास मात्र नभई निर्दोष वनस्पतिहरूसमेत भष्म भए । नेपालको इतिहासमा कोतपर्व र भण्डारखाल पर्वजस्ता हृदयविदारक घटनाहरूको स्मरण गर्दै उहाँहरूले भन्न थाल्नुभयो- शासकीय सत्ता हात पार्ने उद्देश्यले नेपालमा पनि यस्ता घटनाहरूमा सयौं निर्दोष नागरिकहरूको रगत बगाइयो । यस्ता घटना केवल राजनीतिक षड्यन्त्र मात्र थिएनन् । ती नीति, नैतिकता र विवेकको अभावमा राज्य सञ्चालन कति क्रूर, अन्धकारमय र अमानवीय हुन सक्छ भन्ने गहिरो चेतावनीका ज्वलन्त उदाहरणहरू थिए । कुनै औपचारिक शिक्षा नलिनुभएका पिताजीको यो दृष्टान्त एउटा पारिवारिक अनुभवको कथा मात्र रहेनछ, राजनीतिक दर्शनको मर्मस्पर्शी दस्तावेज पो रहेछ, जसले राज्यतन्त्रको जटिल यथार्थलाई प्रतिविम्बित गर्दछ । यो दृष्टान्तबाट एक घरेलुयन्त्रको सरल क्रियाबाट शासन प्रणालीको जटिलता देखाउन मात्र खोजिएको थिएन, यसले राजधर्म र राजकर्मबीचको सूक्ष्म भेद, शक्ति-सन्तुलनको अनिवार्यता र विवेकपूर्ण सञ्चालनको नैतिक चेतना थियो । शासन चक्रमा विवेकको न्यूनता, नीति-अन्धता र संयमताको अभाव हुँदा कसरी राज्य व्यवस्था स्वयं विनाशको कारक बन्न सक्छ भन्ने चेतावनी निहित थियो । त्यसबखत मैले यस प्रसंगको गहिराइ कसरी बुझ्न सक्थें र । तर आज थाहा पाउँछु, त्यो कथाले मेरो जीवनको वैचारिक शंखनाद गरिदिएको रहेछ । विश्वविद्यालयका कक्षाकोठा र पाठ्यपुस्तकले मलाई शासन प्रणालीका परिभाषा र प्रविधि सिकाए तर राज्य सञ्चालनको मर्म र जनअपेक्षाको सूक्ष्म संवेदनाको पाठ बुबाकै उक्त दृष्टान्तबाट पाएँ । घरको जाँतो राज्यतन्त्रको रूपक बन्यो । मकै जनअपेक्षाको स्वरूप । हातो र मानी नीति र संयन्त्रको प्रतिरूप । मेरी आमा राज्ययन्त्र सञ्चालनको जीवन्त प्रतीक । साभार ईकान्तिपुर ।

### चापाकल सुके, दमकल.......

अनुसार दमकलहरू २४ घण्टा बिनाबिराम पानी बाँडिरहेका छन् ।

**पानीका लागि यज्ञः गहवामाई मन्दिरमा वरुण पूजा**

वीरगन्जस्थित गहवामाई मन्दिरमा त पानी पाउन यज्ञ नै सुरु भयो । समितिका अध्यक्ष नरेन्द्र साह र संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्यसहित पूजामा सामेल भए । बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म पर्जन्य यज्ञ (वर्षा यज्ञ) गरिएको हो ।

**हजारौं गुनासो, लाइन जोड्न धाउँदा**

वीरगन्ज खानेपानी संस्थानमा नयाँ धारा जडान गर्न सर्वसाधारणको भीड बाक्लिएको छ । प्रमुख प्रवीनकुमार साहका अनुसार १२ दिनमा ४ सयभन्दा बढी नयाँ लाइन जडान गरिएको छ । उनले भने, "२० दिनमै ३ हजार फोन र म्यासेज आएको छ, कर्मचारी कम हुँदा काम गर्न गाह्रो भएको छ ।" **विद्युत् छैन, पम्पसेटको बिक्री बढ्यो** बिजुलीको अनियमित आपूर्ति र भोल्टेज घटबढले पानी तान्न नसक्दा बजारमा पम्पसेट र ट्युबवेल गाड्ने पाइपको माग ह्वात्तै बढेको छ । घर-घरमा चापाकल सुकेको छ, धारा छैन, अनि बाँकी विकल्प यान्त्रिक बनेको छ ।

**खेत सुक्खा, ब्याडमै बीउ डढ्यो**

बाराको सिम्रौनगढ-८ मा धानको बीउ ब्याडमै सुक्न थालेको छ । नकछेद यादव भन्छन्, "पिउने पानी छैन, खेत सुक्खा छ । यस्तो अवस्थामा बाँच्ने उपाय के?"

डिप ट्युबवेलको पानी घट्दै गएपछि एकै ठाउँको पानी पिउन र सिँचाइमा साझा रूपमा प्रयोग भइरहेको छ । कतिपय ठाउँमा लाम लागेर पानी भर्ने दृश्य सामान्य भएको छ ।

**दीर्घकालीन समाधानः चुरे संरक्षण**

प्रकृति सेवा प्रतिष्ठान नेपालका अध्यक्ष जसपाल सिंह भन्छन्, "वृक्षारोपण, सिमसार संरक्षण र चुरे क्षेत्रको दोहन रोक्न नसके यो समस्या हर वर्ष झन गहिरिँदै जान्छ ।" चुरे क्षेत्रको अनियन्त्रित बालुवा-गिट्टी उत्खनन, जंगल विनाश र पैनी अतिक्रमणले पानीको मुहाने सुक्दै गएको छ ।

### बीरगञ्जमा "एक घर..........

नायक बन्ने अवसर छ, कुनै कथामा होइन, वास्तविक जीवनमा ।"रक्तदान कार्यक्रम शनिबार गौतम स्कुलको जुनियर विंगमा आयोजना हुनेछ । आयोजकहरूले जीवन बचाउन र सन्तानलाई सेवा, दया र मानवीयताको अमूल्य पाठ सिकाउन सबैलाई सहभागी हुन आग्रह गरेका छन् ।

### रवि लामिछानेको पक्ष..........

हालसम्म अभियानका लागि ४६ लाख १२ हजार ६३७ रुपैयाँ सहयोग संकलन भइसकेको छ भने अभियान संचालन, अपिल तथा हस्ताक्षर फारम छाप्ने लगायतका कार्यमा ५९ लाख ६८ हजार रुपैयाँ खर्च भइसकेको छ ।

### १२ गाउँपालिकाले अझै......

बनाउन र वित्तीय अनुशासन कायम गर्न आग्रह गरेका छन् । संवैधानिक प्रावधानअनुसार, स्थानीय तहले असार १० गतेभित्र सभामा बजेट पेस गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने हुन्छ ।

समयमै बजेट पारित नहुँदा स्थानीय तहमा विकास निर्माणका कार्यहरू र अन्य प्रशासनिक खर्च सञ्चालन गर्न समस्या उत्पन्न हुन्छ ।

# स्वास्थ्य

## गर्भाधानका लागि सबैभन्दा उपयुक्त उमेर कुन हो ?




'बच्चा खेर गयो', 'बच्चा बसेन', 'संग्लो भएन' – यस्ता वाक्य सुन्नु आजभोलि सामान्यजस्तै भइसकेको छ । गर्भ रहनु र त्यो सफलतापूर्वक पूर्ण अवधिसम्म पुग्नु भनेको सजिलो प्रक्रिया भने होइन । गर्भ नबस्नुलाई मात्र समस्या मान्ने चलन भए पनि, गर्भ बसेपछि पनि त्यसलाई यथावत राख्न सक्ने शरीरको क्षमता र उमेरले ठुलो महत्व राख्छ । सन्तान जन्माउन ढिलो हुँदा वा अत्यन्त कम हुँदा गर्भ बस्न र बसेमा पनि खेर जाने जस्ता जोखिम हुनसक्छ ।त्यसैले, सन्तान उपयुक्त उमेरमै जन्माउनुपर्छ । यसो भनिरहँदा तपाई सोच्नुहोला, बच्चा जन्माउने सहि उमेर कुन हो ? विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) भन्छ, 'महिलाको लागि सन्तान जमाउने उपयुक्त उमेर २० देखि ३५ वर्षसम्मको अवधिलाई मानिएको छ ।'यो समयावधिमा महिलाको शरीरमा हुने हर्मोनल गतिविधि, अण्डाशयको क्षमता, अण्डाको गुणस्तर आदिले गर्भ रहन र त्यसलाई स्वस्थ रूपमा कायम राख्न सबैभन्दा अनुकूल अवस्था सिर्जना गर्छ । पुरुषको हकमा पनि उमेरसँगै शुक्राणुको गुणस्तरमा परिवर्तन आउने हुँदा उनीहरूका लागि २० देखि ४० वर्षको उमेरलाई प्रजननका लागि उत्तम मानिन्छ ।

**उपयुक्त समयमै सन्तान योजना किन आवश्यक ?** सन्तान जन्माउने प्रक्रिया केवल गर्भ बसाउने मात्र नभई त्यसलाई सुरक्षित रूपमा पूर्ण अवधिसम्म धान्न सक्नु र स्वस्थ शिशु जन्माउने क्षमता पनि हो । शरीरको जैविक घडी सधैं हाम्रो अनुकूल हुँदैन । **महिलाको उमेर र प्रजनन क्षमताको सम्बन्ध** महिलाको प्रजनन प्रणाली हर्मोन प्रोजेस्टोरोन र एस्ट्रोजेनबाट नियन्त्रित हुन्छ । १३ देखि १९ वर्षको उमेर समूहलाई किशोरावस्था भनिन्छ । यो समयमा अझै शारीरिक तथा हर्मोनल प्रणाली पूर्णरूपमा परिपक्व भएको हुँदैन । यो अवधिमा गर्भ रहनुले गर्भवतीलाई मात्र नभई गर्भमा रहेको शिशुलाई पनि विभिन्न जोखिम पुऱ्याउँछ । यो अवस्थामा पाठेघर अझै स्थिर नभएकाले महिनावारी चक्र अनियमित हुन सक्छ, जसले गर्भाधानमा समस्या ल्याउने सम्भावना रहन्छ ।शरीर पनि परिपक्व भइसकेको छैन । साथै, गर्भ रहेको खण्डमा पनि बच्चा अस्वस्थ हुने, समयअघि नै जन्मिने वा जन्मेपछि विभिन्न स्वास्थ्य समस्या देखापर्ने सम्भावना उच्च रहन्छ ।त्योसँगै महत्वपूर्ण अर्को पक्ष हो, गुणस्तरयुक्त अण्डा । गर्भ रहन र जटिलता आउन नदिन स्वस्थ अण्डा निषेचन हुन जरुरी छ । प्रकृतिले छोरी बच्चा जन्मिदै निश्चित अण्डा दिएको हुन्छ ।ती अण्डाको गुणस्तर र संख्या उमेरसँगै घट्दै जान्छ । यो प्राकृतिक प्रक्रिया हो । किशोरावस्थामा पहिलो महिनावारी भएपिच्छे उमेर बढ्दै जाँदा महिनावारी चक्रपिच्छे स्वस्थ अण्डा खर्चिँदै जान्छ ।

# मधेशी भएकैले राजकुमार गुप्तालाई राजीनामा दिन बाध्य पारियो : उपेन्द्र यादव

*जनकपुर,०१ साउन ।*

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले पूर्वसामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई मधेशी मूलको भएकै कारण राजीनामा दिन बाध्य पारिएको दाबी गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमा धारणा सार्वजनिक गर्दै यादवले भूमि व्यवस्था मन्त्री बलराम अधिकारी र गुप्ताप्रति सरकारले फरक मापदण्ड अपनाएको आरोप लगाए ।



राजकुमार गुप्ताको घुससम्बन्धी अडियो सार्वजनिक भएपछि प्रधानमन्त्रीको निर्देशनमा उनले राजीनामा दिएका थिए । तर, त्यसै प्रकृतिको अडियो बलराम अधिकारीको समेत बाहिरिए पनि उनले राजीनामा दिनु नपरेकोमा यादवले आपत्ति जनाएका छन् । यादवले लेखेका छन्, "ढुक्क हुनुस्, भूमि मन्त्री बलराम अधिकारीले राजीनामा दिनु पर्दैन । बालुवाटार र च्यासलको शिरमा ' बा' को राज रहुन्जेल उनका सगोत्री पार्टनरहरूलाई जे गर्न पनि छूट छ ।" उनको आरोप छ कि अधिकारी र गुप्ता दुवै समान प्रकृतिको अडियो प्रकरणमा मुछिए पनि गुप्तालाई मधेशी भएकैले राजीनामा गराइयो, तर अधिकारीलाई उन्मुक्ति दिइयो । यादवले भनिरहेका छन्, "बिचौलिया, कमिशनखोर र भ्रष्टाचारका संरक्षक 'बा' को सगोत्री भएकै कारण अधिकारीले ठूला काण्ड गरे पनि उनीहरू उन्मुक्त रहन्छन् ।" यादवका अनुसार यदि बलराम अधिकारीको ठाउँमा कुनै मधेशी, थारु, दलित वा जनजाति समुदायको व्यक्ति मन्त्री भएको भए प्रधानमन्त्री ओलीले तत्काल राजीनामा गराउन निर्देशन दिइसक्ने थिए ।

# वीरगन्ज भन्सारद्वारा असारमा ९० प्रतिशतभन्दा बढी राजस्व संकलन

*बीरगन्ज,०१ साउन ।*




वीरगन्ज भन्सार कार्यालयले २०८२ असार महिनाको राजस्व संकलनमा उत्साहजनक प्रगति हासिल गरेको छ। कार्यालयले असार ३२ गतेसम्म मासिक लक्ष्यको ९०.१६ प्रतिशत राजस्व संकलन गर्न सफल भएको छ । यस महिनाका लागि १ अर्ब ९६ करोड ६५ लाख रुपैयाँको लक्ष्य राखिएकोमा, कार्यालयले १ अर्ब ७६ करोड ७६ लाख ५० हजार रुपैयाँ संकलन गरेको छ । असार मसान्तको अन्तिम दिन हिजो बुधबार एकै दिनमा ११ करोड ८२ लाख २० हजार रुपैयाँ राजस्व संकलन भएको छ, जबकि दैनिक औसत लक्ष्य ६ करोड १२ लाख ७० हजार रुपैयाँ रहेको वीरगन्ज भन्सार कार्यलयका प्रमुख दीपक लामिछानेले बताए । चालु आर्थिक वर्षको लागि, वीरगन्ज भन्सार कार्यालयले आजसम्म कुल १७ अर्ब ५९ करोड ३६ लाख ५० हजार रुपैयाँ राजस्व संकलन गरेको छ , जुन यस आर्थिक वर्षको लक्ष्य २१ अर्ब ८९ करोड ५५ लाख ९० हजार रुपैयाँको ८०.३५ प्रतिशत हो । चालु आर्थिक वर्षको मासिक लक्ष्य र प्रगतिको तथ्याङ्कले राजस्व संकलनमा उतारचढाव देखाउँछ । चैत्र महिनामा १ अर्ब ९३ करोड ७० लाख रुपैयाँको लक्ष्य राखिएकोमा १ अर्ब ५४ करोड ७० लाख संकलन भएको थियो । त्यसैगरी, जेठ महिनामा १ अर्ब ८९ करोडको लक्ष्यमा १ अर्ब ५७ करोड २० लाख रुपैयाँ संकलन भएको थियो । सबैभन्दा बढी संकलन भएको महिनामा २ अर्ब ७ करोड ५० लाख रुपैयाँको लक्ष्यमा १ अर्ब ७८ करोड ४० लाख रुपैयाँ संकलन भएको देखिन्छ । राजस्व संकलनमा डिजेलको आयातले प्रमुख भूमिका खेलेको छ । असार ३२ गतेको तथ्याङ्क अनुसार, सबैभन्दा धेरै राजस्व योगदान गर्ने शीर्ष वस्तुहरूमा डिजेल रहेको छ । डिजेल २५,००० केएल परिमाणबाट ९ करोड ७४ लाख ३० हजार राजस्व, पेट्रोल ३०० केएल परिमाणबाट १ करोड ६९ लाख राजस्व, पोलीथिन दाना ३६०,००० केजीएम परिमाणबाट ९९ लाख राजस्व, ए.टी.एफ. ७२० केएल परिमाणबाट ९९ लाख राजस्व र एल पि ग्यास ४५३,१९७ केजीएम परिमाणबाट ९१ लाख रुपैयाँ राजस्व संकलन भएको छ । अन्य महत्वपूर्ण आयातित वस्तुहरूमा तयारी कपडा, अलकत्रा बिटुमिन, बेस आयल, पोलीथिन दाना र काँचको सिसी बोतल लगायतका वस्तुहरू छन् ।

# ४० प्रतिशत नेपाली अर्कैको नामको सिम प्रयोग गर्ने

*काठमाडौं,०१ साउन ।*



नेपालमा ४० प्रतिशतभन्दा धेरैले अर्कैको नाममा दर्ता भएको सिमकार्ड प्रयोग गर्ने गरेको विश्व बैंकको प्रतिवेदनले देखाएको छ । डिजिटल अर्थतन्त्र र वित्तीय समावेशीकरणबारे तयार भएको उक्त प्रतिवेदनका अनुसार नेपालमा डिजिटल कारोबार गर्नेको संख्यामा पनि कमी देखिएको छ ।सन् २०२४ को जुलाईदेखि सेप्टेम्बरसम्म नेपालका १,००० जनामा गरिएको सर्वेक्षणमा ४०० जनाले अर्काको नामको सिम प्रयोग गर्ने गरेको पाइएको हो । यो अवस्था अफ्रिकाका कोमोरोस, कंगो, मोरक्को र तान्जानियाजस्ता देशहरू तथा जोर्डनमा देखिएको अवस्थासँग मिल्दोजुल्दो रहेको छ । विशेषगरी आफन्त वा साथीबाट पाएको फोनमा सिम नफेरेर प्रयोग गर्ने, परिवार वा समुदायबाट सहरबाट ल्याएर सिम बाँड्ने प्रचलनका कारण यस्तो अवस्था बनेको प्रतिवेदनमा उल्लेख छ । अफ्रिकाका केही देशमा भने परिचयपत्र नभएकाले सिम लिन नसक्ने समस्या पनि रहेको छ ।

नेपालमा सर्वेक्षणमा सहभागीमध्ये ७८ प्रतिशतसँग मोबाइल फोन रहेको देखिएको छ भने पछिल्लो तीन महिनामा ५० प्रतिशतले इन्टरनेट प्रयोग गरेको पाइएको छ । यद्यपि, १,००० जनामध्ये २८० जनाले मात्र डिजिटल कारोबार गर्ने गरेको छ ।

प्रतिवेदनअनुसार नेपालमा ६० प्रतिशतसँग बैंक खाता भए पनि त्यसमा ४७ प्रतिशत मात्र डिजिटल कारोबारका लागि प्रयोग हुने गरेको छ । डिजिटल कारोबार गर्नेमा पुरुषको संख्या ५८ प्रतिशत भए पनि महिलाको संख्या ३६ प्रतिशत मात्र रहेको छ । दक्षिण एसियामा मोबाइल फोन नहुने महिलाको संख्या ३२ करोड रहेको तथ्यांक सार्वजनिक गर्दै प्रतिवेदनमा लैंगिक आधारमा पनि डिजिटल पहुँच र खाताको स्वामित्वमा खाडल रहेको जनाइएको छ । विश्वभर अझै पनि करोडौं मानिससँग मोबाइल वा बैंक खाता नहुनु र आकस्मिक स्वास्थ्य वा अन्य खर्च व्यवस्थापन गर्न कठिन हुने अवस्था चुनौतीका रूपमा रहेको भन्दै विश्व बैंकले वित्तीय समावेशीकरणका लागि नयाँ रणनीति आवश्यक रहेको औंल्याएको छ ।

# रौतहटमा संघीय गणतान्त्रिक गठबन्धनको शक्ति प्रदर्शन




*रौतहट,०१ साउन ।*

रौतहटको गरुडा नगरपालिकामा संघीय गणतान्त्रिक गठबन्धनले आयोजित जनजागरण र्‍याली र अन्तरक्रिया कार्यक्रमले उत्पीडित समुदायको आवाजलाई सशक्त रूपले बुलन्द गर्‍यो । 'अब उत्पीडित जनताको सत्ता स्थापना नहुँदासम्म आन्दोलन नरोकिने' भन्ने मूल नारासहित आयोजित कार्यक्रममा दलित, मुस्लिम, निषाद, आदिवासीलगायत समुदायको उल्लेखनीय उपस्थिति देखियो । कार्यक्रमको अध्यक्षता बहुजन एकता पार्टी रौतहटका जिल्ला इन्चार्ज सत्यनारायण रामले गरेका थिए । बहुजन, मधेसी र आदिवासी समुदायबाट प्रतिनिधित्व गर्ने पाँच राजनीतिक दलका शीर्ष नेताहरूको सहभागिताले कार्यक्रममा शक्ति प्रदर्शनको रंग भरेको थियो ।

नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष मोहम्मद रिजवान अन्सारीले आफ्नो धारणा स्पष्ट पार्दै भने, "हामी सत्ता कब्जा गर्न होइन, उत्पीडित जनतालाई स्वतन्त्रता, समानता र न्याय दिलाउन आन्दोलनमा छौं ।" उनले हालको मिश्रित निर्वाचन प्रणालीलाई सत्तामा पुग्न नदिने षड्यन्त्रको संज्ञा दिँदै पूर्ण समानुपातिक प्रणालीका लागि संघर्ष गर्नुपर्ने बताए । बहुजन एकता पार्टीका नेता हरिनन्दन अम्बेडकरले दलित, आदिवासी, मुस्लिम, मधेसी र निषाद समुदायलाई राज्यले दशकौंयता योजनाबद्ध रूपमा पछाडि पारेको आरोप लगाए । उनले भने, "संविधानमा अधिकार लेखिएको छ, तर व्यवहारमा नदेखिएसम्म त्यो कागजी मात्र हो । अब सत्ता संरचना परिवर्तन गर्ने बेला आएको छ ।" नेपाल सद्भावना पार्टीका रामकुमार महतोले मधेश भित्रैको विभाजन, विभेदकारी नीति र विकासको असमानताप्रति आक्रोश व्यक्त गर्दै प्रदेश सरकारलाई 'मधेश विरोधी' भने । "हामी न्याय र सद्भावको समाज बनाउने सपना बोकेका छौं, तर अहिलेको सरकार त्यसको बाधक बनेको छ," उनले भने । नेपाल जनजागृति पार्टीका धुपलाल निषादले निषाद, डोम, मुसहर, दलित लगायत समुदाय वर्षौंदेखि उपेक्षामा परेको भन्दै आक्रोश पोखे । "अब हामी मोर्चाबन्दी गर्छौं, आन्दोलन गर्छौं, नेतृत्व आफैं गर्छौं," भन्दै उनले नयाँ राजनीतिक क्रान्तिको संकेत गरे ।

# पर्सामा छ वटा कम्युनिस्ट पार्टीको बैठक सम्पन्न

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,०१ साउन ।*



पर्सा जिल्लाको वीरगन्ज, श्रीपुरमा छ वटा कम्युनिस्ट पार्टीहरूको बैठक सम्पन्न भएको छ। बैठकले जिल्लास्थरमा कम्युनिस्ट पार्टीहरूको बृहत् विकास, मोर्चाबन्दी र सहकार्यका लागि सहमति जुटाएको छ । नेकपा (एकीकृत समाजवादी) पर्साका अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा बसेको बैठकमा नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक रामदरश कुशवाहा, राष्ट्रिय जनमोर्चाका अच्छेलाल साह, नेपाल मजदुर किसान पार्टीका सरोज साह, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका धनबहादुर श्रेष्ठ र नेपाल कम्युनिस्ट पार्टीका फिरोज सिको सहभागी थिए । बैठकमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा साझा धारणा बनाउने र एकअर्काबीच हातेमालो गर्दै अगाडि बढ्ने वातावरण तयार गर्न सहमति जुटेको नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँका अनुसार आगामी आइतबार पुनः बैठक बसेर आगामी कार्यक्रम र साझा एजेन्डाहरू तय गरिनेछ ।

# १२ गाउँपालिकाले अझै बजेट ल्याएनन्

*बीरगन्ज,०१ साउन ।*

संवैधानिक प्रावधानअनुसार असार मसान्तभित्र आगामी आर्थिक वर्षको बजेट पारित गरिसक्नुपर्नेमा देशभरका १२ वटा गाउँपालिकाहरूले अझै बजेट ल्याउन सकेका छैनन् । गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालले जारी गरेको विज्ञप्तिअनुसार, कुल ४६० गाउँपालिकामध्ये ९७ प्रतिशत अर्थात् ४४८ वटाले मात्र समयमै बजेट स्वीकृत गर्न सफल भएका छन् । समयमा बजेट नआउँदा आगामी आर्थिक वर्षमा ती पालिकाको विकास निर्माण र प्रशासनिक खर्च सञ्चालनमा कानुनी जटिलता आउने देखिएको छ । **बजेट ल्याउन नसक्नेमा मधेश प्रदेश अग्रस्थानमा**

बजेट पारित गर्न नसक्ने गाउँपालिकामध्ये सबैभन्दा बढी मधेश प्रदेशका रहेका छन् । मधेशका कुल ५९ गाउँपालिकामध्ये ८ वटाले समयसीमाभित्र बजेट ल्याउन सकेका छैनन् । यसले गर्दा मधेश प्रदेशमा बजेट स्वीकृत हुने दर ८६ प्रतिशतमा सीमित भएको छ । यसका साथै, बागमती प्रदेशका २ तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-एक गाउँपालिकाले पनि समयमै बजेट ल्याउन सकेका छैनन् । कोशी, गण्डकी र कर्णाली प्रदेशका सबै गाउँपालिकाहरूले भने समयमै बजेट स्वीकृत गरी शतप्रतिशत सफलता हासिल गरेका छन् । गाउँपालिका राष्ट्रिय महासङ्घका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले बजेट पारित गर्न नसकेका गाउँपालिकाहरूलाई तत्काल प्रक्रिया पूरा गरी स्थानीय सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीलाई प्रभावकारी

बाँकी तेश्रो पृष्ठमा⇨

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
करैयामाई गाँउपालिकाको कार्यालय,बारा